ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २०६
१७ बैशाख २०८० आइतबार
30 Apr. 2023, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## पार्टीले टिकट नदिएपछि स्वतन्त्र लडेर मेयर जिते, वर्षदिन पछि कांग्रेसमै फर्किए



**खबर दर्पण समाचारदाता**

**बैशाख १६ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिकाका मेयर प्रल्हादकुमार क्षेत्री पुनः नेपाली कांग्रेसमै फर्किएका छन्।

शनिबार दिउँसो कांग्रेस सभापति शेरबहादुर देउवाको निवासमा आयोजित एक कार्यक्रममा मेयर क्षेत्रीलाई पार्टी सभापति देउवाले कांग्रेसमा स्वागत गरेका हुन्।

एक वर्षअघि भएको स्थानीय तहको निर्वाचनमा कांग्रेसले बर्दिबास नगर पालिकाको मेयरमा टिकट नदिएपछि क्षेत्रीले आफ्नो छुट्टै टिम खडा गरेर स्वतन्त्र उम्मेदवारी दिएका थिए।

पार्टीका आधिकारिक उम्मेदवार विरुद्ध पार्टीबाटै बागी उम्मेदवार बनेपछि कांग्रेसले उनलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो। त्यतिबेला उनी पार्टीको महाधिवेशन प्रतिनिधि थिए।

स्वतन्त्र उम्मेदवारी दिएका क्षेत्रीको समूह मेयर, उपमेयरसँगै बर्दिबास नगरपालिकाको चारवटा वडामा विजयी भएको थियो।

क्षेत्रीलाई पार्टी केन्द्रले पुरानै जिम्मेवारी दिने तयारी गरेको संकेत मेयर क्षेत्रीका स्वकीय सचिव विनोद ढुंगेलले गरे।

'आधिकारिक पत्र आएपछि मात्रै सबैकुरो प्रष्ट होला,' ढुंगेलले भने, 'तर मैले पाएको सूचना अनुसार उहाँलाई पार्टीले महाधिवेशन प्रतिनिधिको पुरानै जिम्मेवारी दिनेगरी कारबाही फुकुवा गरेको हो।'

शेरबहादुर देउवाले कारबाही फुकुवाको लागि काठमाडौं बोलाएपछि क्षेत्री शनिबार मात्रै काठमाडौं पुगेका थिए।

स्वतन्त्रबाट टिमसहित मेयरमा विजयी भएदेखि नै क्षेत्रीले कांग्रेसले आफूमाथि गरेको कारबाही फुकुवाको लागि पहल गरेका थिए। तर, पार्टी नेतृत्वले उनीमाथिको कारबाही फुकुवाप्रति आनाकानी गर्दै आएको थियो।

पार्टीले कारबाही फुकुवा नगरेपछि उनले ४ मंसिरको निर्वाचनमा पनि संघ र प्रदेशका सबै पदमा पार्टीले खडा गरेका आधिकारिक उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवार खडा गरेका थिए।

तर, उनले खडा गरेका उम्मेदवारले संघ र प्रदेशसभाको निर्वाचनमा भने अपेक्षाकृत मत पाउन सकेका थिएनन्।

## जति नै पहुँच भए पनि मिटर ब्याजीलाई छाडिन्न: गृहमन्त्री श्रेष्ठ



**जनार्जन खत्री**

**बैशाख १६ गते, सर्लाही**

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज पीडक जति नै पहुँचवाला र स्थापित भए पनि सरकारले नछाड्ने बताउनुभएको छ ।

सर्लाहीको बागमतीमा शनिबार नमुना पहरी बस्ती हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री श्रेष्ठले मिटरब्याजी जस्ता शोषकको पक्षमा लाग्ने जो कोहीलाई पनि कारबाहीको दायरमा ल्याउने बताउनुभएको हो । "मिटरब्याजविरुद्ध सरकारले आयोग गठन गरी नयाँ कानुन ल्याएर काम गर्ने प्रक्रिया अघि बढाइसकेको छ," गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "कहिँकतै मिटरब्याजीको पक्षमा कुनै पनि पार्टीका कार्यकर्ता देखा पर्‍यो भने उ जति सुकै सम्पन्न, पहुँचवाला वा स्थापित होस्, त्यस्ता कसैलाई पनि छोडिन्न, शोषकको पक्षमा लाग्ने सबैलाई कारबाहीको दायरामा ल्याएरै छाड्छौं ।"

गृहमन्त्री श्रेष्ठले मिटरब्याजी पीडितलाई न्याय दिलाउन र मिटर ब्याजीले लिएको सम्पत्ति फिर्ता गराउन लागिपरेको बताउनुभयो । उहाँले आइतबार जनकपुरमा मिटर ब्याज जाँचबुझ आयोगको कार्यालय नै स्थापना गरेर मिटर ब्याजको सम्बन्धमा थप अनुसन्धान र कारबाही अघि बढाइने जानकारी दिनुभयो । सर्लाहीमा स्वर्गीय डाचाराज वाग्लेसँगै कमल बुढाथोकी, भरतकुमार थापासहित आफू समेत सामेल भएर मिटरब्याज पीडकलाई सजाय दिलाएको र केही पीडकलाई कारागार चलान गर्न समेत सफल भएको गृहमन्त्री श्रेष्ठको भनाइ छ ।

उहाँले सर्लाही जिल्ला मिटरब्याजी पीडितको न्यायको निम्ति आन्दोलनको नायक जिल्ला रहेको बताउनुभयो ।

मिटरब्याजविरुद्धको आन्दोलनमा लागिरहँदा तत्कालीन नेकपाका केन्द्रीय सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज डाचाराज वाग्लेको शङ्कास्पद मृत्यु भएको गृहमन्त्री श्रेष्ठको भनाइ छ । उहाँले घटनाबारे प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अहिले पनि अनुसन्धान गरिरहेको बताउनुभएको छ ।

गृहमन्त्री श्रेष्ठले प्रहरी प्रशासनको कार्यशैलीमा परिवर्तन गर्नुपर्ने जरुरी रहेको बताउँदै श्रमिक, गरिब, निमुखा र पहुँच नभएका जनताको कामलाई पहिलो प्राथमिकता दिन जरुरी रहेको बताउनुभयो । कार्यक्रममा गृहमन्त्री श्रेष्ठले बागमती नगरपालिकाले वडा नं. ११ स्थित बागमती नदी किनारमा निर्माण गरेको १३ वटा घर लोपोन्मुख पहरी परिवारलाई हस्तान्तरण गर्नुभएको छ ।

गृहमन्त्री श्रेष्ठ र बागमती नगर पालिकाका प्रमुख भरतकुमार थापाले संयुक्त रूपमा पहरी बस्तीकी बयोवृद्धा ठुलीमाया पहरीलाई बस्तीको साँचो हस्तान्तरण गर्नुभयो । स्याउले घरमा बस्दै आएका पहरी समुदायका ७० जना सदस्य रहेको १३ परिवारलाई एक करोड ५३ लाख रुपियाँको लागतमा टिनले छाएको पक्की घर निर्माण गरी हस्तान्तरण गरिएको बागमती नगरपालिकाले जनाएको छ । प्रत्येक परिवारलाई शौचालयसहितको तीन कोठे घर निर्माण गरी हस्तान्तरण गरिएको हो ।




संजना अटो
क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर , धनुषा सम्पर्क नं : ०४१-५४००५०, ९८१५८४४३८५

## सम्पादकीय

# समयमै विद्यार्थीको हातमा पुस्तक

विद्यार्थीलाई भर्ना भएकै दिन पाठ्यपुस्तक पु-याउने योजना हरेक सरकारले गर्दथे । पाठ्यपुस्तक वितरणको काम २०६४ सालदेखि अनियमित हुने गरेको भए पनि बीचको एक/दुई वर्ष भने विद्यार्थीले सहजै पाठ्यपुस्तक पाएका थिए। पाठ्यपुस्तक वितरण सम्बन्धमा शिक्षा मन्त्रालयबाट निरन्तर अनुगमन पनि हुने गर्दथ्यो। सरकारी योजनाअनुसार काम भएको थिएन । त्यसमा विविध उल्झनलाई मुख्य दोष दिएर सरोकारवाला निकाय एक आपसमा दोषबाट पन्छिने गरेका थिए। कतिसम्म भने वर्षैभरि पाठ्यपुस्तककै विषयमा छलफल गरे पनि कागज खरिद प्रक्रियाकै कारण यो समस्याले मुक्ति पाउन सकेको थिएन। यस पटक भने जनक शिक्षा सामग्री केन्द्रले करिब पाँच महिना मात्रै मेहनत गरेर पनि तोकिएको समयमा पाठ्यपुस्तक पुऱ्याउन सफल भएको छ ।

यो शैक्षिक सत्र सुरु हुनुअघि मुलुकले तीन जना शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पाएको थियो, देवेन्द्र पौडेल, शिशिर खनाल र हालका मन्त्री अशोक राई । सबैजसो मन्त्रीको मुख्य ध्यान समयमै विद्यार्थीको हातमा पाठ्यपुस्तक पु-याउनमा केन्द्रित रह्यो। पाठ्यपुस्तक छपाइ प्रक्रियालाई उहाँहरूले निरन्तर अनुगमन गरिरहनुभयो । जनक शिक्षा सामग्री केन्द्रका अधिकारी पनि यसमा गम्भीर भएर लागे। जसका कारण कागज खरिद प्रक्रिया सहज भयो। कागज आपूर्तिकर्ताले भनेकै समयमा कागज ल्याइदिए ।

जनक शिक्षा सामग्री केन्द्रमा पुरानाबाहेक थप तीनवटा छपाइ मेसिन पनि यहीबीचमा थपियो । यसमा सरकारको सहजीकरणले पनि निकै ठूलो भूमिका निर्वाह गरेको थियो । कतिसम्म भने पाठ्यपुस्तक छपाइ तथा वितरणमा प्रधानमन्त्री कार्यालयबाट समेत नियमित निगरानी भइरह्यो। प्रधानमन्त्रीको सचिवालयले त पाठ्यपुस्तक नपाएको अवस्थामा तत्काल खबर गर्न सामाजिक सञ्जालबाट सूचना पनि प्रवाह गरिरह्यो । यसको एकमुष्ट परिणाम विद्यार्थीको हातमा देखियो । भर्ना अभियान चल्दै गर्दा भौगोलिक विकटताका रूपमा हेरिएका हुम्ला, जुम्ला, बझाङ, बाजुरा, ताप्लेजुङलगायतका जिल्लामा पाठ्यपुस्तक पुगेपछि विद्यार्थी र अभिभावक खुसी भएका छन्। यसको एकमुष्ट जस सरकारले पाएको छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको यस पटक जनक शिक्षालाई पाठ्यपुस्तक छपाइको जिम्मेवारी कम दिनु । गत वर्ष केन्द्रलाई कक्षा पाँचदेखि १० सम्मको पाठ्यपुस्तक छाप्ने जिम्मेवारी दिइएको थियो ।

# जमीनदारीले मासेको मधेशी मौलिकता

राकेश चौधरी

राणाकालमा छुवाछूत व्यवस्था लादिएसँगै मधेशी समाजको समभाव र सहअस्तित्व सहितको सामुदायिक अभ्यास बिथोलियो।

राणाकालअघि मधेशमा छुवाछूतले जरो गाडिसकेको थिएन। सबै जाति र वर्ग मिलेर सामूहिक भोज गर्थे। हरेकले भुइँमा बसेर खानुपर्थ्यो। एउटा सत्रमा पलेटी कसेर बसेकाहरू खाना बीचमै छाडेर उठ्न पाउँदैनथे। कसैलाई दण्ड गर्नुपर्दा उसको अगाडिबाट खाना पस्किइएको पात तान्ने र केही समय भोजमा सामेल हुन नदिने व्यवस्था थियो।

अहिलेका भोजमा सबै परिकार पातमा पस्किसकेपछि दालमा घ्यू हाल्ने चलन छ। पहिला भात र घ्यू मिसाएर मात्र अन्य परिकार पातमा पस्किइन्थ्यो। अर्थात् पहिलो गाँस घ्यू-भात खाइन्थ्यो। भोजमा दही छुट्दैनथ्यो। खाइसकेपछि अन्त्यमा सुपारी दिइन्थ्यो।

महत्त्वपूर्ण निर्णयहरू सबै जातजातिका मान्यजन मिलेर गर्ने त्यो समाज पूर्णतः कृषिमा आश्रित थियो। खेतमा वार्षिक तीन बालीसम्म लगाइन्थ्यो- दुई बाली धान र एक बाली दलहन। गहुँ लगाउने चलन थिएन बरु मडुवा (कोदो) हुन्थ्यो। तरकारी बालीसँगै सुर्ती पनि रोपिन्थ्यो। सिंचाइका लागि समुदायले नै नदीहरूमा बाँध बाँधेर साना-ठूला नहर बनाएका हुन्थे। एउटा खेतबाट अर्कोमा पानी लैजान करिन (पानी मात्र वारपार लैजाने सानो डुङ्गा), डुकुल (बाँसले बनाइएको पानी फ्याँक्न मिल्ने भाँडो) र सुपाको प्रयोग गरिन्थ्यो। ट्र्याक्टर आइसकेको थिएन, जोत्न गोरु नै प्रयोग हुन्थ्यो। खाना पकाउन प्रयुक्त दाउराको खरानी र बस्तुभाउको गोबरबाट मल बनाइन्थ्यो। हेङ्गा (माटो सम्याउने काठको मुढा), पालो (जुवा), कनेल (जुवामा लगाइने काठको किला), जाबी (गोरुको मुखमा बाँध्ने मिल्ने बाँसको जाली) र डोरी आदि परम्परागत सामग्री प्रचलनमा थिए। पहिलो पटक रोपाइँ गर्न जाँदा बाजागाजा सहित वनदेवी र अन्नदेवीको पूजा गर्ने परम्परा थियो। यसलाई 'गाभ' लगाउने भनिन्थ्यो। त्यस दिन किसानका घरमा ठूलो भोज हुन्थ्यो। बर्खामा बाँस र पातबाट बनाइएको ठूलो छोपी (छाता) ओढेर काम गरिन्थ्यो। उति वेला भारतीयहरूले मधेशमा छोरीको बिहे गरिदिनुको एउटै कारण यहाँ अन्नको कमी नहुनु थियो। कमसेकम पेटभर भात खान पाइने भएकाले मधेशलाई 'भताहा देश' पनि भनिन्थ्यो। उत्पादित अन्न भारतीय सीमावर्ती बजारसम्म पुग्थ्यो। भारतीय सीमाक्षेत्रका भन्दा मधेशका बासिन्दा सम्पन्न मानिन्थे। उत्पादित बालीको केही अंश शुरूमै धार्मिक क्रियाकलाप वा नजिकको मठमन्दिरमा दानको प्रयोजनले छुट्याइन्थ्यो। बाँकी अन्नमा श्रमिक, ब्राह्मण, हजाम, माली, पान खुवाउने, कुम्हार, सरसफाइ गर्ने सबैको भाग लाग्थ्यो। त्यो समय बासमती, करियाकमोट ( मार्सीजस्तै) र गमहरी धान महत्त्वपूर्ण मानिन्थे। छठ पर्वमा गमहरी पीठोको लड्डु, बासमती वा जौको ठेकुवा चढाउने परम्परा छ। गुड (मिठा) हालेर खीर-प्रसाद बनाइन्थ्यो। किसानका घरमा गुड र चना टुट्दैनथ्यो। जीवनपद्धति नै बनिसकेको गुडबाट हावा, छडी लगायत विभिन्न मिठाई बनाइन्थे। जोत्ने गोरुलाई पनि चना र गुड खुवाइन्थ्यो।

वैशाख १ को सतुवाइन पर्वमा कुलदेवतालाई जौको सत्तु, गुड, आँपको चिचिला चढाउने चलन अझै छ। वैशाख २ को जुडशीतल पर्वमा पोखरी तथा इनारको माटो जीउमा दल्ने गरिन्थ्यो। यसो गर्दा छाला सम्बन्धी रोग नलाग्ने विश्वास थियो। पहिले धनी-गरीब सबैले माटोको भाँडोमा राखिएको पानी खान्थे। खाना पकाउन पनि माटो र फलामको भाँडोसँगै छिटपुट रूपमा 'फुलहा बर्तन' प्रयोग गरिन्थ्यो।

पर्व-त्यौहारमा माटोको मूर्ति बनाउने चलन थिएन। वर्षमा एक पटक स्थानीय स्तरमा महादेव,



भगवती र ब्रह्महरूको भव्य पूजा हुन्थ्यो। पूजामा हरेक समुदाय सहभागी हुन्थ्यो। कृषिकर्म जस्तै मठमन्दिर निर्माण, जीर्णोद्धार, गुरुकुल स्थापनामा पनि मानिसहरू सरकारको भर पर्दैनथे। समाजमा मनकारीहरूको कमी थिएन। उनीहरूले नै समुदायको हितमा ठाउँ ठाउँमा पोखरी खन्न लगाएका हुन्थे। नदी किनारबाट बस्ती अन्यत्र सर्न थालेपछि पोखरी खन्ने चलन बढेको थियो।

बिस्तारै इनार खन्न शुरू भयो। पछि ती इनार जमीनदारहरूले कब्जा गरे। सँगसँगै छुवाछूतको व्यवहार हुन थाल्यो। हरेक वर्ग र जातिका छुट्टाछुट्टै इनार हुन थाले। सामूहिक भोज बिस्तारै जातीय हुन थाल्यो।

अलिक सम्पन्न किसानका बालबच्चालाई पढाउन स्थायी रूपमै गुरुजी राखिन्थे। गुरुजी अधिकांश कायस्थ जातिका हुन्थे। अक्षरारम्भ श्रीपञ्चमी होइन, गणेश चतुर्थीबाट गरिन्थ्यो। शिक्षारम्भको पहिलो मन्त्र हुन्थ्यो- ॐ नमः सिद्धम्। पछि राणाकालमा ब्राह्मणहरूको दबाबमा अन्य जातिले 'ॐ नमः' भन्न नहुने भन्दै त्यसलाई 'ओ ना मा सिद्धम्' मा बदलियो।

श्रीपञ्चमी चाहिं किसानकेन्द्रित पर्व थियो। यसै दिन गोरुलाई र ङ्गीचङ्गी बनाउने, श्रमिकलाई नयाँ कपडा दिने, नयाँ श्रम सम्झौता गर्ने, चामलको पीठोबाट 'अरिपन' बनाएर त्यसमा हलो र जुवा छोपिने गरी धान राख्ने, त्यो धान पछि श्रमिकलाई दान गर्ने, औजारहरू लोहारकहाँ लगेर धार लगाउने गरिन्थ्यो। प्राचीन मधेशी समाजमा आयुर्वेद नै स्वास्थ्योपचारको माध्यम थियो। वैद्यहरू उपचारसँगै समाजमा औषधीय गुणयुक्त बिरुवाबारे ज्ञान समेत बाँड्थे।

गर्भवतीको उपचार र सही समयमा प्रसूति गराउन निपुण महिलाहरू हुन्थे। नवजात शिशुलाई नामकरण अर्थात् छठिहार (षष्ठी) पूजाका दिन पहेंलो रङको भोटो, पाइजामा र टोपी पहिऱ्याइन्थ्यो। यसमा आध्यात्मिक कारण थियो। कुर्ता त पछि मात्र आएको हो। पहिले सबैजसो मानिस कमीज र पाइजामा लगाउँथे।

राणाकालमा आएपछि भने मधेशका यस्ता सामुदायिक मूल्यमान्यता भत्किन थाले। सरकारले भारतीय ठेकेदारलाई कर असुल्न प्रोत्साहन गर्दा किसानको जग्गा खोसेर जमीनदार बन्ने, तिनले आफू अनुकूलका नयाँ नियम बनाउने, छुवाछूतलाई बढावा दिने, श्रमिक वर्गलाई बँधुवा मजदूर बनाउने प्रवृत्ति बढ्यो। सम्पन्न किसानले श्रमिकका लागि छुट्याएको धर्मभकारीलाई जमीनदारहरूले ऋणमा धान दिने चलनमा बदलेर किसान र श्रमिकको सम्पत्तिहरण गर्न थाले। जमीनदारले छुवाछूत मान्नैपर्ने उर्दी गरेपछि श्रमिकले किसानका घरबाट आएको जलखई (खाजा) समेत खान नपाउने भए। जमीनदार हावी हुँदा किसान र श्रमिक विपन्नताको शिकार हुन पुगे। (जलेश्वरवासी ध्रुव राय, राजेन्द्रप्रसाद चौधरी र उपेन्द्र पाठकको सहयोगमा। हिमालको २०८० वैशाख अंकबाट।)

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ९ महिनामा २ अर्बको चक्लेट र ४६ करोडको चुइङ्गम नेपाल भित्रियो

**खबर दर्पण समाचारदाता**
**बैशाख १६ गते, काठमाडौं**

नेपालमा ठूलो परिमाणको चक्लेट र चुइङ्गम आयात हुने गरेको छ। भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको ९ महिनामा मात्रै २ अर्बभन्दा बढी रकम चक्लेट आयात गर्दा बाहिरिएको छ भने ४६ करोड बढी चुइङ्गम आयात गर्दा बाहिरिएको छ।

चालु आर्थिक वर्षको साउन महिनादेखि चैत मसान्तसम्मको भन्सार विभागको तथ्यांक हेर्दा २ अर्ब २४ करोड ६१ लाख ६८ हजार रुपैयाँको ५१७४.५७ मेट्रिक टन चक्लेट आयात भएको पाइएको हो। जसमध्ये २ अर्ब ११ करोड ५३ लाख ८३ हजार रुपैयाँको चक्लेट आयात भएको छ भने चक्लेट बनाउने कच्चा पदार्थ (चक्लेटको धुलो, फ्याट) १२ करोड ७० लाख ८६ हजार रुपैयाँको आयात भएको विभागको तथ्यांकले देखाउँछ। यस्तै ३७ लाख रुपैयाँको स्ट्रेप्सिल्स चक्लेट आयात भएको विभागको तथ्यांकमा छ। उक्त चक्लेट आयात गर्दा १ अर्ब ७७ करोड ६ लाख चार हजार रुपैयाँ भन्सार शुल्क लागेको विभागको तथ्यांकमा उल्लेख छ।

यस्तै चालु आर्थिक वर्षको ९ महिनामा ४६ करोड ६५ लाख ४० हजार रुपैयाँको १४०६.५६ मेट्रिक टन चुइङ्गम आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ। जसमध्ये सबैभन्दा बढी भारतबाट ४५ करोड २४ लाख ५८ हजार रुपैयाँको चुइङ्गम आयात भएको छ। श्रीलंका, टर्की, अमेरिका जर्मनी र बेलायत लगायतका देशबाट चुइङ्गम आयात हुने गरेको पाइएको छ। उक्त चुइङ्गम आयात गर्दा ३७ करोड ५१ लाख ९७ हजार रुपैयाँ भन्सार शुल्क लागेको विभागले जनाएको छ।

**५ वर्षमा १३ अर्बको चक्लेट**

आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० को अन्तरालमा नेपालले १३ अर्ब १९ करोड ३८ लाख २० हजार रुपैयाँको चक्लेट आयात भएको विभागको तथ्यांकले देखाउँछ।

आर्थिक वर्ष २०७५/७६मा २ अर्ब ८६ करोड ६४ लाख ३७ हजार रुपैयाँको चक्लेट आयात भएको थियो भने आर्थिक वर्ष




२०७६/७७मा २ अर्ब २३ करोड ९० लाख २१ हजार रुपैयाँको चक्लेट आयात भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा २ अर्ब ७० करोड ६४ लाख ४३ हजार रुपैयाँको चक्लेट आयात भएको थियो भने गत आर्थिक वर्ष (२०७८/७९) मा ३ अर्ब १३ करोड ५७ लाख ५१ हजार रुपैयाँको चक्लेट आयात भएको थियो। चालू आर्थिक वर्षको चैतसम्ममा २ अर्ब ११ करोड ५३ लाख ८३ हजार रुपैयाँको चक्लेट आयात भएको छ।

पाँच वर्षमा झण्डै ३ अर्बको चुइङ्गम

आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्षको ९ महिनासम्ममा (पाँच वर्ष) २ अर्ब ८२ करोड ४३ लाख २२ हजार रुपैयाँको चुइङ्गम आयात भएको विभागको तथ्यांकमा छ।

आर्थिक वर्ष २०७५/७६ मा ७१ करोड ८६ लाख ९४ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो भने २०७६/७७ मा ५७ करोड ९७ लाख ३४ हजार रुपैयाँको आयात भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा ६२ करोड ३३ लाख ९२ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो भने २०७८/७९ मा ४३ करोड ५९ लाख ६१ हजार रुपैयाँको आयात भएको थियो। चालु आर्थिक वर्षको चैतसम्ममा ४६ करोड ६५ लाख ४० हजार रुपैयाँको चुइङ्गम आयात भएको छ।

**आयात बढ्दो**

आर्थिक वर्ष २०७५/७६ को चैतसम्ममा २ अर्ब २४ करोड ५४ लाख ९१ हजार रुपैयाँको चक्लेट आयात भएको थियो भने आर्थिक वर्ष २०७६/७७को सोही अवधिमा १ अर्ब ९४ करोड २२ लाख ३६ हजार रुपैयाँको चक्लेट आयात भएको थियो। जसअनुसार आर्थिक वर्ष २०७५/७६को तुलनामा ३० करोड ३२ लाख ५५ हजार रुपैयाँले आयात घटेको छ। आर्थिक वर्ष २०७७/७८को चैतसम्ममा २ अर्ब १२ करोड ३ लाख ७५ हजार रुपैयाँको चक्लेट आयात भएको थियो भने आर्थिक वर्ष २०७८/७९को चैतसम्ममा २ अर्ब ३६ करोड ८५ लाख ७२ हजार रुपैयाँको चक्लेट आयात भएको थियो। जसअनुसार २४ करोड ८१ लाख ९७ हजार रुपैयाँले चक्लेट आयात बढेको देखिन्छ। यस्तै चालु आर्थिक वर्षको चैतसम्ममा २ अर्ब २४ करोड ६१ लाख ६८ हजार रुपैयाँको चक्लेट आयात भएको छ। यस्तै आर्थिक वर्ष २०७५/७६ को चैतसम्ममा ५२ करोड ८५ लाख २१ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो भने आर्थिक वर्ष २०७६/७७ को चैतसम्ममा ४२ करोड ६८ लाख ६९ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो। आर्थिक वर्ष २०७७/७८को चैतसम्ममा ५३ करोड ५७ लाख ९५ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो भने आर्थिक वर्ष २०७८/७९को चैतसम्ममा ३७ करोड ६० लाख ९५ हजार रुपैयाँको चुइङ्गम आयात भएको थियो।

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
**शहिदनगर नगरपालिका कार्यालय**
**धनुषा**

# नेपाल र यूएई एसीसी प्रिमियर कपको फाइनलमा




**खबर दर्पण समाचारदाता**
**बैशाख १६ गते, काठमाडौं**

एसीसी प्रिमियर कप क्रिकेटमा नेपाल र युएई फाइनल प्रवेश गरेका छन्।

नेपाल र कुवेतबीचको खेल वर्षाले प्रभावित भएपछि नेपाल समूह विजेता हुँदै सेमिफाइनल प्रवेश गरेका आधारमा सोझै फाइनलमा पुगेको छ भने युएईले डीएलएस प्रणालीका आधारमा ओमानलाई हराउँदै फाइनलमा पुगेको हो।

युएई २ रनले विजयी हुँदै फाइनल पुगेको हो। नेपाल र कुवेतबीचको खेल वर्षाका कारण खेल ४२-४२ ओभरमा छोट्याइएको थियो। पहिला ब्याटिङ गरेको नेपालले ९ विकेट गुमाउँदै २८१ रन बनाएको थियो। जवाफमा कुवेतले ८.३ ओभरमा ६ विकेट गुमाई ३७ रन बनाएको अवस्थामा खेल पुन: वर्षाले रोकिएको थियो। थप खेल नभएपछि नेपाल समूह विजेताका रुपमा फाइनलमा पुगेको हो। नेपालले समूह 'ए' मा तीन खेल जित्दै ७ अंक जोडेको थियो। कुवेतले समूह 'बी' मा ४ मध्येको ३ खेल जित्दै ६ अंकका साथ समूहको उपविजेता बनेको थियो।

नतिजाका लागि कुवेतले कम्तीमा २० ओभर ब्याटिङ गर्न पर्थ्यो। ६ विकेट गुमाइसकेको अवस्थामा कुवेतलाई १ सय ९४ रन आवश्यक पर्थ्यो।

नेपालका लागि करण केसीले ४.३ ओभरमा १ मेडन राख्दै १० रन खर्चेर ५ विकेट लिए। अर्को एक विकेट सोमपाल कामीले लिए।

कप्तान रोहित पौडेलले ९५ बलमा ९४ रन बनाए। रोहित र कुशल मल्लले चौथो विकेटमा १ सय ९ रनको साझेदारी गरे। यसअघि कुशल भुर्तेल र आसिफ शेखले १० ओभरमा ७६ रन जोड्दै नेपाललाई सानदार सुरुआत दिलाएका थिए। कुशल र आसिफले छैटौं ओभरमा नेपालको ५० रन पुऱ्याएका थिए। कुशल ११ औं ओभरमा ३९ बलमा ४३ रन बनाई आउट भए।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
**रूफटप होटल एण्ड गेष्ट हाउस**
**मिटिङ्ग हल, पार्टी पैलेश**
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)

यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

सूचना ! सूचना !!! सूचना !!!
नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।
**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**
Hot line number
9748457490 / 9748457491
**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**
**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
**२४ औं घण्टा उपलब्ध सेवा**
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्रद्धीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# बिवादका बीच जनकपुरधामको भानुचोकमा भानुभक्तको सालिक शिलान्यास



**खबर दर्पण समाचारदाता**

**बैशाख १६ गते, जनकपुर**

जनकपुरधाम उपमहानगर पालिकाले जनकपुरधामको भानुचोकमा आदि कवि भानुभक्त आचार्यकै सालिकको सिल्यानास गरेका छन् ।

जनकपुरधाम उपमहानगर पालिकाका मेय् मनोज साहले कडा सुरक्षाबीच शनिबार शालिक शिलान्यास गरेका हुन् । उक्त कार्यको बिभिन्न पार्टि तथा विद्यार्थी, युवा संगठनहरुले आन्दोलनमा उत्रिदै बिरोध जनाएको छ । शिलान्यास कार्यक्रमको बिरुद्धमा जसपा,लोसपा ‸ जनमत पार्टीका नेताहरुले प्रर्दशन गरेका छन् ।

साविकको भानुचोकमा रहेको भानुभक्तको शालिक २०६२/०६३ को मधेश आन्दोलनको क्रममा हटाईएको थियो । सो चौकको नाम मधेश आन्दोलनका प्रथम सहिद रमेश महतो चौक हुने घोषणा गरिएको थियो । जनकपुरधाम उपमहानगरपालिकाले पुनः आदि कवि भानुभक्तकै सालिकको सिल्यानास गर्न लागेपछि बिभिन्न दलका नेता तथा युवाहरु विरोधमा उत्रेका हुन् ।

बिरोधकै बिच मेयर मनोज साह कडा सुरक्षाका बिच सालिकको सिल्यानास गरेका छन् ।

जनकपुरधाम उपमहानगर पालिकाले रमेश महतो चौकमा तत्कालीन भानु भक्तको नाममा रहेको भानु चौकलाई पुनः रमेश महतो चौक को सट्टा भानु चौक निर्माण गरी भानु भक्तको सालिक स्थापना गर्ने योजना छ । संयुक्त युवा विद्यार्थी मोर्चाले शुक्रबार संयुक्त विज्ञप्ती जारी गर्दै रमेश महतो चौकमा पुनः भानुचोकको सालिक बनाए आन्दोलन गर्न बाध्य हुने चेतावनी दिएका छन् ।

लोकतान्त्रिक विद्यार्थी युवा संघका धनुषा जिल्ला अध्यक्ष प्रशान्त झा, समाजवादी युवा संघका अध्यक्ष दिपु कापड, लोकतान्त्रिक विद्यार्थी संघ मधेश प्रदेश कार्यवाहक अध्यक्ष त्रिदेव कुमार मिश्र, विद्यार्थी जनमत संघ धनुषा अध्यक्ष बिरेन्द्र यादव, समाजवादी युनियन धनुषा अध्यक्ष बलिराम कापडले हस्ताक्षर गरी संयुक्त विज्ञप्ती जारी गर्दै मधेश आन्दोलनको मर्म, भावना विपरीत रमेश महतो चौकलाई विस्थापित गर्ने कार्य भएमा हामी संर्घष गर्न बाध्य हुनेछौ ।'

यस प्रकारका कामलाइ अविलम्ब रोकी रमेश महतोको नाममा सालिक निर्माण प्रक्रिया अगाडी बढाउन संयुक्त युवा विद्यार्थी मोर्चाले माग गरेका छन् ।


# हत्या आरोपित एमाले सांसद कोइरीको बिरामी बिदा संसद्बाट अस्वीकृत

**खबर दर्पण समाचारदाता**

**बैशाख १६ गते, काठमाडौं**

नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीलाई बिरामी बिदा दिने प्रस्ताव प्रतिनिधि सभाबाट अस्वीकृत भएको छ। शुक्रबार साँझ बसेको दोस्रो बैठकले कोइरीको बिरामी बिदा दिने प्रस्ताव अस्वीकृत गरेको हो।

केही दिनअघि सांसद कोइरीले आफू बिरामी भएको पत्र संसद सचिवालयमा पठाएका थिए। त्यहीअनुसार सभामुख देवराज घिमिरेले शुक्रबारको बैठकमा उनीसहित पाँच सांसद बिरामी भएको सन्देश सुनाएका थिए।



तर, कोइरी बिरामी नभएर फरार भएको र आफूसँग भारतमा लुकेको प्रमाण रहेको दाबी गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं प्रतिनिधिसभा सदस्य रवि लामिछानेले पक्राउ गर्न सभामुखको ध्यानाकर्षण गराएका थिए। रास्वपाको सांसदले कोइरीको विषयमा विरोध गरेपछि स्थगित संसद् बैठक केही बरेपछि पुनः सञ्चालन गरिएको थियो।

रविले संसदमा भने : एमालेका फरार सांसद कोइरी भारतमा रहेको प्रमाण मसँग छ

दोस्रो बैठकमा सांसद लक्ष्मी कोइरीको बिरामी बिदा अस्वीकृत भएको सन्देश सभामुखले सुनाए। साथै प्रतिनिधिसभाको आगामी अधिवेशनमा कोइरीबारे कानुनबमोजिम कारवाही गर्ने सभामुखको प्रतिबद्वता जनाएका छन्।

सांसद कोइरीलाई हत्या आरोप लागेको छ।

# मह उत्पादन घट्दा माहुरी कृषक चिन्तित



**खबर दर्पण समाचारदाता**

**बैशाख १६ गते, बर्दिवास**

यो वर्ष महोत्तरीको जङ्गलबाट लक्ष्य अनुसारको मह उत्पादन हुन नसक्दा आगन्तुक माहुरी कृषक निराश भएर फर्केका छन् । मुख्यतः वन डढेलोका कारण आशा गरे बमोजिम मह सङ्कलन हुन नसकेको उहाँहरूको भनाइ छ । माहुरीमा रोग प्रकोप, मौसमी प्रतिकूलता र जङ्गली फूलका विविधतामा कमी आएकाले पनि मह उत्पादन प्रभावित हुँदै आएको उहाँहरूको अनुभव छ ।

चितौनको खैरिनीबाट मेलिफेरा जातिका दुई हजार माहुरीका घार लिएर १३ किसान परिवार फागुन पहिलो साता महोत्तरी झर्नुभएको थियो । यहाँका जङ्गलबाट २ करोड मूल्य बराबरका ३५ देखि ४० हजार किलो मह सङ्कलन गर्ने उहाँहरूको लक्ष्य थियो । गत वर्ष यही अनुपातमा उत्पादन भएकाले मह किसान आशावादी थिए ।

तर यसपालि उत्पादन भने ४२५ बाल्टिन (प्रति बाल्टिन ३० केजीको दरले) अर्थात् १२ हजार किलोमा सीमित भएको मह कृषक सुरेश बस्नेतले बताउनुभयो । प्रचलित मूल्य (प्रति केजी ५०० रुपियाँ) अनुसार यति मह ६० लाख मूल्य बराबरको मात्र भएको उहाँले बताउनु भयो ।

'यो उत्पादन गत वर्षको तुलनामा झण्डै ७० प्रतिशतले घटी हो' बस्नेतले भन्नुभयो 'डढेलो मात्र नियन्त्रण हुन सकेको भए रित्तो हात फर्कनुपर्ने थिएन ।'

उहाँको १३० गोला माहुरीबाट ८० बाल्टिन (दुई हजार ४०० किलो) मह हुनुपर्नेमा ५३ बाल्टिन अर्थात् एक हजार ५०० किलो मात्र भएको जनाउनुभयो ।

रामनगरको जङ्गलबाट ९३ घार माहुरी सहित बिहीबार साँझ चितौन फर्कन लाग्नु भएका कृष्ण बस्नेतले यसपालि महोत्तरी आउने जाने खर्च बराबरको मह पनि उत्पादन नभएको बताउनुभयो । उहाँले ४० बाल्टिन (एक हजार २०० किलो) मह निकाल्ने आसमा महोत्तरी आएको बताउनुभयो ।

'तर जम्मा जम्मी ११ बाल्टिन (३३० किलो) मात्र पुग्यो' उहाँले निराशा व्यक्त गर्नुभयो 'यति महले आउने जाने र यहाँको खर्च धान्न पनि सकस पर्‍यो ।'

समूहका ज्ञानबहादुर बस्नेत र नारायण कार्कीले ३०/३० बाल्टिन मह हुने आसमा महोत्तरीका जङ्गलमा घार थाप्नु भएको थियो लोपोन्मुख अवस्थामा रहेका मकै डुमरी, अमारो, जामुनो, क्यामुनो, कुसुम, प्यारी, रुदिलो, धँगेरो जस्ता कतिपय प्रजातिमा पहिलेझैँ फूल लाग्न छाडेकाले पनि मह उत्पादन प्रभावित भएको उहाँहरूको अनुभव छ ।

बर्दिबासको बुद्धचोक, हात्तीलेट, गौशालाको रामनगर, स्टिल टावर, तारेचौरी र लक्ष्मिनिया आसपासका वन जङ्गल र बारीवगैचालाई चितवनका मह किसानले विगत एक दशकदेखि माहुरी चरीचरणको रूपमा उपयोग गर्दै आएका छन् ।

# अपांगता भएका हजारौं विद्यार्थी उच्च प्रविधिमार्फत् पढ्दै



**खबर दर्पण समाचारदाता**

**बैशाख १६ गते, बर्दिवास**

मधेस प्रदेशका ५० वटा विद्यालयमा अध्ययन गर्न अपाङ्गता भएका १५ हजार ६ सय ४९ विद्यार्थीले उच्च प्रविधिमार्फत अध्ययन गरिरहेका छन् । प्रदेशका ८ जिल्लामध्ये धनुषा, महोत्तरी, सर्लाही र रौटहटका विद्यालयमा विशेष शिक्षा लिइरहेका विद्यार्थीले उच्च प्रविधिमार्फत अध्ययन गरिरहेको प्रेरणा संस्थाकी अध्यक्ष विमला घिमिरेले जानकारी दिइन् ।

द्यृष्टिविहीन, सुस्त श्रवण, अटिजम, बौद्धिक वा अन्य अपांगता भएका विद्यार्थीहरुको उपलब्धिमुलक सिकाइका लागि काम गरिरहेको प्रेरणाले प्रत्येक विद्यालयमा आवश्यकता अनुरुप स्मार्ट टेलिभिजन, ट्याबलेट, दृष्टिविहीन मैत्री रेडियो, ब्रेल स्टाइलस र स्लेट, विभिन्न डिजिटल एप्स राखिएका शैक्षिक सामग्रीसहितका पेनड्राईभ लगायतका सामाग्री विद्यार्थीलाई उपलब्ध गराएको घिमिरेले बताइन् । विद्यालयमा उपलब्ध प्रविधिले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पररिहेको विद्यालयले जनाएको छ ।

विद्यार्थीले प्रविधिलाई सदुपयोग गर्दै पढाइमा उपलब्धि हासिल गर्दै अघि बढिरहेका महोत्तरीको जनता मावि कोलुवा बगैयाका प्रधानाध्यापक जिवछ ठाकुरले बताए । पढाइप्रति विद्यार्थीको जागरुकता बढेको उनले बताए । टेलिभिजन सुनेर, हेरेर, ट्याबलेट र विभिन्न शैक्षिक एप ट्याबलेट मार्फत चलाएर पनि विद्यार्थीले पढाइमा ध्यान दिइरहेको उनले बताए । गौर बाल मन्दिर रौतहटका प्रधानाध्यापक गणेश यादवले गीत, कविता, गजल समेतमा विद्यार्थीहरुको चासो बढिरहेको बताए ।

अहिले अपाङ्गता भएका विद्यार्थी पनि विद्यालयका अन्य मनोरन्जनात्मक गतिविधिमा सहभागी हुन थालेको यादवले जानकारी दिए । सरकारले नै फरक क्षमता भएका विद्यार्थीका लागि पढ्न भौतिक संरचनादेखि खेल्ने मैदान र अन्य आवश्यक शैक्षिक व्यवस्थापन मिलाइदिनुपर्ने यादवले बताए । अन्य क्रियाकलापमा निकै सक्रिय श्रवण शक्ति नभएका विद्यार्थी विकेश रामले टेलिभिजन, ट्याबलेट र शैक्षिक एपहरुद्वारा पढाइमा निकै मद्दत भएको बताए ।पहिले देखेर, छामेर, सुनेर, सुँगेर पत्ता लगाउने र सिकाइ गर्ने फरक क्षमता भएका व्यक्तिका लागि अहिलको प्रविधि बरदान बन्दै गएको जलधर कमलदेव नमुना मावि सर्लाहिकी प्रध्यानाध्यापक बिनिता कुमारी साहले बताइन् ।

बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

**औरही नगरपालिका कार्यालय**

महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा